nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

19°C । वर्ष :११, अंक : १४८ पृष्ठ ४ । शनिबार १७ माघ २०८२ । SATURDAY, JANUARY 31, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैंया

## शहीदको बलिदानबाटै लोकतान्त्रिक नेपाल सम्भव भएको हो : प्रदीप यादव




**नेपाल पोष्ट संवददाता**
**बीरगन्ज,१६ माघ ।**

शहीद दिवसको अवसरमा पर्सा क्षेत्र नम्बर-१ का नेकपा एमालेका नेता तथा पूर्वमन्त्री प्रदीप यादवले देश, लोकतन्त्र र जनअधिकारका लागि अमूल्य जीवन अर्पण गर्ने सम्पूर्ण शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेका छन् । यादवले जारी गरेको सन्देशमा शहीदहरूको बलिदानकै कारण आजको स्वतन्त्र र लोकतान्त्रिक नेपाल सम्भव भएको उल्लेख गर्दै शहीदले देखेका सपना साकार पार्नु प्रत्येक नागरिकको साझा दायित्व भएको बताए । उनले लोकतन्त्रको रक्षा, सुशासनको स्थापना र राष्ट्रिय एकताको सुदृढीकरणमा सबै पक्ष एकजुट हुनुपर्ने आवश्यकता औँल्याए । नेता यादवले शहीद दिवस केवल स्मरणको दिन मात्र नभई आत्मसमिक्षा र प्रतिबद्धताको अवसर भएको जनाउँदै शहीदका आदर्शलाई व्यवहारमा उतार्दै जनताको अधिकार र समृद्ध राष्ट्र निर्माणका लागि निरन्तर संघर्ष जारी राख्ने प्रतिबद्धता व्यक्त गरे ।

## रास्वपा उम्मेदवार कानुद्वारा मधेसी शहिद स्मारकमा श्रद्धाञ्जली



**नेपाल पोष्ट संवददाता**
**बीरगन्ज,१६ माघ ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर-२ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार सुशील कुमार कानुले शहिद दिवसको अवसरमा वीरगन्जस्थित मधेसी शहिद स्मारकमा पुगेर मधेस आन्दोलनका शहिदप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् । शुक्रबार बिहान वीरगन्जको घण्टाघर नजिक रहेको मधेसी शहिद स्मारक पार्कमा पुगेका कानुले धर्मराज सिंह, दिलिप चौरसिया, सोहन साह कलवार, भोलाप्रसाद तेली, दिनानाथ साह गोढ, शत्रुधन पटेल र आशीष रामको सालिकमा पुष्पगुच्छा अर्पण गर्दै शहिदहरूको सम्मान गरेका हुन् ।

सो अवसरमा उम्मेदवार कानुले शहिद दिवसकै दिन पनि मधेस आन्दोलनका शहिदहरू धेरैजसो राजनीतिक दलको प्राथमिकतामा नपर्नु दु:खद भएको बताए । मधेसी समुदायका अधिकार र पहिचानका लागि शहिदहरूले दिएको बलिदान आफ्नो मन र मस्तिष्कमा सधैं ताजा रहेको उल्लेख गर्दै उनले त्यसै कारण स्मारकमा आएर श्रद्धाञ्जली अर्पण गरेको बताए ।विगतका मधेस आन्दोलनमा आफू सक्रिय रूपमा सहभागी भएको स्मरण गर्दै कानुले भने, "यी शहिदहरूको बलिदानकै कारण आज मधेस र मधेसीले अपमान र विभेदको सट्टा पहिचान र सम्मान पाएका हुन् । म यी शहिदहरूलाई कहिल्यै बिर्सिन सक्दिन र उनीहरूले देखाएको बाटोमा सधैं हिँड्ने प्रयास गर्छु ।"

उनले मधेस आन्दोलन मात्रै होइन, मुलुकमा भएका हरेक राजनीतिक परिवर्तन, आन्दोलन र विद्रोहका क्रममा जीवन आहुति दिने सम्पूर्ण शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरे ।

## पर्सा-१ का युवा नयाँ जोसका साथ रास्वपामा प्रवेश



**नेपाल पोष्ट संवददाता**
**बीरगन्ज,१६ माघ ।**

पर्सा निर्वाचन क्षेत्र नम्बर-१ मा करिब एक सय युवा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेका छन् । वीरगन्जको घण्टाघरस्थित क्लासिक ब्यांक्वेट प्यालेसमा आयोजित कार्यक्रममा युवाहरूले औपचारिक रूपमा पार्टी सदस्यता ग्रहण गरेका हुन् । पार्टी प्रवेश गर्ने युवाहरूले देशलाई पुराना राजनीतिक दलहरूले गलत दिशामा लगिरहेको आरोप लगाउँदै अब मुलुकलाई सही मार्गतर्फ अघि बढाउने आशा रास्वपाबाट देखेको बताएका छन् । उनका अनुसार, "अब पुराना दलबाट देशको सुधार सम्भव छैन, परिवर्तन र सुशासनको भरोसा रास्वपामा देखेका छौं ।" कार्यक्रम पर्सा-१ का राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार हरि पन्तको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । पन्तले युवाहरूको सहभागिताले पार्टीलाई नयाँ ऊर्जा र बल मिलेको उल्लेख गर्दै स्वच्छ राजनीति, सुशासन र जवाफदेही शासन प्रणालीको स्थापनाका लागि पार्टी प्रतिबद्ध रहेको बताए । कार्यक्रममा रास्वपा जिल्ला सचिव सुदिप प्रजापति, पर्सा-१ का सभापति राम आर्य, नगर उपाध्यक्ष आशुतोष द्विवेदी, नगर सचिव गौतम श्रेष्ठ लगायत पार्टीका पदाधिकारी र नेता-कार्यकर्ताहरूको उपस्थिति रहेको थियो । पार्टी प्रवेश गर्ने युवाहरूमा निरज कुमार, आनन्द चौरसियाललगायत विभिन्न क्षेत्रका सक्रिय युवा नेता-कार्यकर्ताहरू रहेका छन् ।

## पर्सा-१ मा जसपा महानगर अध्यक्ष यादवसहित १२० नेता-कार्यकर्ता एमाले प्रवेश



**नेपाल पोष्ट संवददाता**
**बीरगन्ज,१६ माघ ।**

अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) का वीरगन्ज महानगर अध्यक्ष इश्वरचन्द्र यादव नेकपा एमालेमा प्रवेश गरेका छन् । यादवसँगै वीरगन्ज महानगरपालिका-१५ का करिब १२० जना जसपाका नेता तथा कार्यकर्ता पनि एमालेमा आबद्ध भएका छन् । शुक्रबार वडा नम्बर-१५ मा आयोजित पार्टी प्रवेश कार्यक्रममा यादवसहित नवप्रवेशी कार्यकर्तालाई एमालेका केन्द्रीय सदस्य तथा पर्सा जिल्ला इन्चार्ज प्रभु हजरा, केन्द्रीय सदस्य तथा वीरगन्जका पूर्वमेयर विजयकुमार सरावगी, पर्सा जिल्ला अध्यक्ष डा. विश्वम्भर शर्मा लगायतका नेताहरूले स्वागत गरेका थिए । पार्टी प्रवेशपछि बोल्दै यादवले मधेसका बाँकी मुद्दाहरूको सम्बोधन अब एमालेबाटै सम्भव हुने विश्वासका साथ जसपा परित्याग गरेको बताए । उनले केही शक्तिहरू विदेशी इशारामा नेपालको राष्ट्रियता र लोकतन्त्र कमजोर पार्ने षडयन्त्रमा लागेको आरोप लगाउँदै त्यसविरुद्ध प्रतिवाद गर्न सक्ने बलियो राजनीतिक शक्ति वर्तमान अवस्थामा एमाले मात्रै भएको दाबी गरे ।कार्यक्रमका प्रमुख अतिथि एमाले केन्द्रीय सदस्य प्रभु हजराले जसपाका वीरगन्ज महानगर अध्यक्षसहित ठूलो सङ्ख्यामा कार्यकर्ता एमाले प्रवेश गर्दा पर्सा-१ मा पार्टीको संगठन थप मजबुत भएको बताए । यसले आगामी निर्वाचनमा पर्सा-१ बाट एमाले उम्मेदवार प्रदीप यादवको जित अझ सुनिश्चित हुने उनको भनाइ थियो ।

## कलैयाको हिमानी पार्टी प्यालेसमा युवक मृत फेला

**बीरगन्ज,१६ माघ ।**

बारा कलैया उपमहानगरपालिका-५, दरबार टोलस्थित हिमानी पार्टी प्यालेसमा आज बिहान ३५ वर्षीय युवक शैलेन्द्र ठाकुर मृत फेला परेका छन् । प्रहरी कार्यालय बाराका अनुसार, बीरगन्जस्थित नवील बैंक बीरगन्ज शाखामा मार्केटरका रूपमा कार्यरत ठाकुर पार्टी प्यालेसको कोठा नम्बर-६ को बेडमुनि अचेत अवस्थामा भेटिएका थिए । घटनास्थल पुगेर प्रहरी टोलीले उनलाई मृत भएको पुष्टि गरेको बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरले जानकारी दिए । प्रहरीका अनुसार मृतक ठाकुर सप्तरीका मूल निवासी हुन् र हाल पर्सा जिल्लाको बीरगन्ज महानगरपालिका-प्रगति नगरमा बसोबास गर्दै आएका थिए । सोही कोठामा जिल्ला

बाँकी तेश्रो पृष्ठमा⇨

## सामाजिक उत्तरदायित्वसहित कालिका टाईम्सले मनाइयो वार्षिकोत्सव



**नेपाल पोष्ट संवददाता**
**बीरगन्ज,१६ माघ ।**

बीरगन्जबाट प्रकाशित कालिका टाईम्स दैनिक पत्रिकाले मानवसेवा आश्रम, बीरगन्जमा सामाजिक उत्तरदायित्वसहित आफ्नो छैटौं वार्षिकोत्सव मनाएको छ । पाँच वर्षे यात्रा पूरा गरी छैटौं वर्षमा प्रवेश गरेको अवसरमा आश्रममा आश्रित आमा-बुबालाई खाजा खुवाउँदै वार्षिकोत्सव आयोजना गरिएको हो । कालिका टाईम्स प्रालिका प्रबन्ध निर्देशक छठु साहले डिजिटल युगमा पत्रकारिताको प्रतिस्पर्धा तीव्र बन्दै गएको उल्लेख गर्दै सत्य, तथ्य र विश्वसनीय समाचार सम्प्रेषण नै पत्रिकाको मूल प्राथमिकता रहेको बताए । उनले भने, "हाम्रो यात्रामा केही कमजोरी हुन सक्छन्, तर ती स्वीकार गर्दै सुधार गर्ने प्रतिबद्धतासहित समाजलाई सकारात्मक दिशातर्फ लैजाने प्रयास निरन्तर जारी रहनेछ ।"

दैनिक सञ्चालनका क्रममा विभिन्न चुनौतीहरूका बाबजुद खोजमूलक, निष्पक्ष र जनमुखी पत्रकारितालाई आधार बनाएर अघि बढिरहेको सम्पादक शम्भु कुमार सुमनले बताए । उनका अनुसार कालिका टाईम्सले सदरमुकाम मात्र होइन, ग्रामीण भेगका दबाइएका आवाज, ओझेलमा परेका विषय र आम नागरिकका पीडालाई निरन्तर उजागर गर्दै आएको छ । संघीयता र गणतन्त्र स्थापनापछि पनि तराई-मधेशका धेरै नागरिक शोषण, गरिबी, बेरोजगारी र पछौटेपनको सिकार भइरहेकामा ध्यानाकर्षण गराउँदै, यस्ता मुद्दालाई समाचारमार्फत् उठान गर्नु नै पत्रिकाको दायित्व भएको सुमनले बताए । प्रबन्ध निर्देशक छठु साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सम्पादक सुमनसहित पत्रकारहरू मनोज पटेल, सन्तोष साह, विनोद पटेल, हरिशंकर शर्मा, ताजिन्द्र साह, दिपेन्द्र यादव, जयप्रकाश कुशवाहा, राधेश्याम पटेल, श्रवण साह, अमोद शर्मा लगायतको उपस्थिति रहेको थियो । वार्षिकोत्सवले कालिका टाईम्सकोपत्रकारिताप्रतिकोप्रतिबद्धता र सामाजिक उत्तरदायित्वलाई थप मजबुत बनाएको सहभागीहरूले बताएका छन् ।

## कलैया सिटी जेसिजद्वारा सहिद परिवारलाई सामग्री वितरण




**बीरगन्ज,१६ माघ ।**

सहिद दिवसको अवसरमा कलैया सिटी जेसिजले मधेस आन्दोलनका सहिद हिफाजत मियाको परिवारलाई खाद्यान्न र शैक्षिक सामग्री वितरण गरेको छ । बाराको कलैया उपमहानगरपालिका-७ रंगपुर निवासी सहिद मियाको परिवारलाई आज एक कार्यक्रमबीच सहयोग सामग्री प्रदान गरिएको हो ।

कलैया सिटी जेसिज २०२६ का अध्यक्ष संदिप कुमार साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि, वडा नं. ७ का अध्यक्ष सैफुल्लाह अन्सारीले सहिद मियाका बुबा-आमालाई सामग्री हस्तान्तरण गरेका थिए । कार्यक्रम संयोजक आदिल अन्सारीका अनुसार "मानवताको सेवा नै जीवनको सर्वोत्तम कार्य हो" भन्ने नारासहित चामल, दाल, बिस्कुट,। चाउचाउ, कपी-पेन्सिल, कपडा, सर्फ, साबुनलगायत सामग्री वितरण गरिएको थियो ।

प्रमुख अतिथि वडा अध्यक्ष अन्सारीले सहिद मियाका छोरालाई फुटबल तथा अन्य खेलकुद सामग्री उपलब्ध गराउने वचन दिएका छन् र आगामी दिनमा थप सहयोग गर्ने प्रतिबद्धता जनाए । कलैया सिटी जेसिजका अध्यक्ष साहले भने, "जेसिज स्थापना भएको १७ वर्षपछि सहिद परिवारलाई सहयोग गर्न पाएकोमा खुसी लागेको छ । सहिद परिवारको योगदानलाई सधैं सम्झनुपर्छ," साथै जनप्रतिनिधि र सरोकारवालालाई पनि सहिद परिवारप्रति सहयोगी बन्न आग्रह गरे ।

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### सहिदको सपना

आज सहिद दिवस । विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै छ । इतिहासको विभिन्न कालखण्डमा प्रजातन्त्र, राष्ट्र र स्वतन्त्रतासहित जनताका पक्षमा भएका आन्दोलनमा मृत्युवरण गरेका वीर सपुतहरूको सम्मानमा विविध कार्यक्रमका साथ देशभर सहिद दिवस मनाइने परम्परा छ । यही माघ १० देखि १६ गतेसम्म सप्ताहव्यापी रूपमा मनाइने सहिद दिवसको आज मुख्य दिन हो । विसं २०१२ देखि नै तत्कालीन काठमाडौँ नगरपालिकाको संयोजकत्वमा प्रत्येक वर्ष माघ १६ गते सहिदहरूको सम्भनामा दिवस मनाउन थालिएको हो । देश र जनताका लागि प्राण आहुति गरेका सहिदहरूको विशेष सम्झना गरिने दिनका रूपमा सहिद दिवसलाई लिइन्छ । प्रजातन्त्र, स्वतन्त्रता र नागरिक अधिकार माग गर्दा विसं १९९७ मा नेपाल आमाका वीर सपुतहरू शुक्रराज शास्त्रीलाई माघ १० गते काठमाडौँको टेकुस्थित पचलीमा, माघ १३ गते धर्मभक्त माथेमालाई सिफलमा र गङ्गालाल श्रेष्ठ एवं दशरथ चन्दलाई माघ १५ गते शोभाभगवतीमा तत्कालीन राणा शासकले मृत्युदण्ड दिएका थिए । सहिदको सूचीमा नेपालको पहिलो सहिद भनेर लखन थापालाई लिइने गरिन्छ । सहिदहरूलाई प्रत्येक वर्ष माघ १६ गते सम्झने गरे पनि उनीहरूले देखेको सपना पूरा गर्ने गरी मुलुकमा काम भएको छैन । देश र जनताको हितखातिर मृत्युवरण गर्ने यस्ता नरनारी सहिद हुन्, जसको नाम लिँदा नै श्रद्धाले शिर झुक्छ । विसं १८९१ मा गोरखामा जन्मेका प्रथम सहिद थापालाई विसं १९३३ फागुन २ गते मनकामना मन्दिरअगाडि फाँसी दिइएको थियो । उनलाई राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको आदेशमा फाँसी दिइएको थियो । पल्टनका लाहुरे थापाले जङ्गबहादुरको विरुद्धमा प्रचारबाजी गरेको आरोपमा रुखमा झुन्ड्याएर मारिएको थियो । २००७ देखि हालसम्म नेपालको प्रजातान्त्रिक आन्दोलन, वाम आन्दोलन, राजतन्त्रविरुद्धको आन्दोलन र पछिल्लो जेनजी पुस्ताको आन्दोलनसम्म आइपुग्दा हजारौँ जना सहिद भएका छन् । पञ्चायती व्यवस्थाविरुद्ध प्रजातन्त्रका लागि आवाज उठाउने देशभक्तहरू भीमदत्त पन्त, दुर्गानन्द झा, रत्नकुमार बान्तवा, यज्ञबहादुर थापा पनि सहिद हुन पुगे । पञ्चायतविरोधी आरोपमा इलामको सुखानी हत्याकाण्ड, छिन्ताङ काण्ड, भिमान काण्ड, पिस्कर काण्ड, जुगेडी काण्ड, म्याग्दीको सिङ काण्ड, सुर्खेत काण्डमा हत्या गरिएका वीर योद्धाहरू पनि सहिद भए । त्यस्तै २०३६ सालको विद्यार्थी आन्दोलन र २०४६ सालको पञ्चायतविरोधी आन्दोलनका क्रममा जीवन अर्पण गर्नेहरू पनि सहिद हुन पुगे । २०५२ साल फागुन १ गतेदेखि २०६२ सालसम्म तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले सञ्चालन गरेको सशस्त्र विद्रोहका क्रममा दसौँ हजार व्यक्तिले जीवन उत्सर्ग गरे । २०६२/६३ सालको जनआन्दोलन, मधेश आन्दोलनका क्रममा पनि धेरै जना सहिद भए । नेपाली जनतालाई सार्वभौमसत्तासम्पन्न नागरिक बनाउन जहानियाँ राणा शासन, निरङ्कुश पञ्चायती व्यवस्था, राजतन्त्रविरुद्धका आन्दोलन, दसबर्से सशस्त्र विद्रोह, मधेश आन्दोलन तथा पछिल्लो नवयुवा (जेनजी) पुस्ताले आन्दोलनमा जीवन अर्पण गरेका महान् सहिदहरूको सूची निकै लामो छ । कवि भूपी शेरचनले 'दुई/चार सपुत नमरी मुलुक बन्दैन' भनेका थिए तर हाम्रो देशमा दुई/चार जना मात्र होइन, हजारौँ सपुत मरिसके तर ती सपुतहरूले देखेको सपना र बनाउन खोजेको जस्तो मुलुक बन्न सकेन ।

मुलुकमा ठुला ठुला राजनीतिक आन्दोलन/परिवर्तन भए । निरङ्कुश सत्ता र सरकार फेरिए । सरकार सञ्चालन गर्ने व्यक्तिहरू पनि फेरिए । मुलुक अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्र जस्तो उत्कृष्ट ठानिएको व्यवस्थाको अभ्यासमा छ । यद्यपि सहिदहरूले देखेका समृद्ध र शान्त देश निर्माणका सुन्दर सपना अधुरै छन्, अपूरै छन् । मुलुकमा शासक फेरिए । सरकार सञ्चालन गर्नेहरू बदलिए तर संस्कार फेरिएन । आचरण र व्यवहार फेरिएन । आज लेख्ने, बोल्ने, सभा, सङ्गठन गर्ने, राजनीतिक दल खोल्ने, दलीय प्रतिस्पर्धाका आधारमा राजनीति गर्ने, जनताका छोराछोरी राष्ट्रपतिदेखि प्रधानमन्त्री बन्ने अधिकार प्राप्त छ तर मुलुकको सामाजिक र आर्थिक अवस्था कमजोर छ । पर्याप्त रोजगारीका अवसर सिर्जना गर्न सकिएन । उद्योगधन्धा, कलकारखानाको कमी भयो । देशभित्रै उचित रोजगारी र शैक्षिक व्यवस्था नभएका कारण लाखौँ युवा विदेश पलायन भइरहेका छन् । मुलुक चलाउन विप्रेषणमा भर पर्नु परेको छ । पुँजी, जनशक्ति र प्रतिभा पलायनले मुलुक चरम अप्ठेरो अवस्थामा छ । स्वदेशी र विदेशी ऋण २८ खर्ब रुपियाँभन्दा बढी भइसक्यो । चरम भ्रष्टाचार, तस्करी, कालोबजारी, कमिसन र माफियातन्त्रले मुलुकलाई पिरोलेको छ । अतः यो पीडालाई सबैले आत्मसात् गरी भ्रष्टाचारमुक्त, सुशासन, शान्ति र समृद्धिसहितको नेपाल निर्माणमा योगदान गरौँ ।

# वैकल्पिक राजनीतिले भोगेका समस्या




**राजेश विद्रोही**

नेपालमा संस्थागत राजनीतिको सुरुवात भएदेखि नै विरोध गर्ने र विकल्प खोज्ने क्रम पनि सुरु भयो । यसको मुख्य कारण आन्दोलन र परिवर्तनको जगबाट जन्मिएका दल र नेतृत्वहरूले आफ्ना नेता-कार्यकर्ता तथा संगठनको उचित व्यवस्थापन गर्न नसक्नु हो । जनताको अपेक्षा, आवश्यकता र आकांक्षाअनुसार राज्य संयन्त्र सञ्चालन हुन नसक्दा नै असन्तुष्टि जन्मिएको हो । मानिसका आवश्यकता असीमित हुन्छन्, तर तिनलाई पूरा गर्ने स्रोत-साधन सीमित हुन्छन् । ती सीमित स्रोत-साधन न्यायोचित रूपमा वितरण नहुँदा वा नगर्दा असन्तुष्टि पैदा हुन्छ । यसलाई स्वाभाविक र अस्वाभाविक दुवै रूपमा बुझ्न र विश्लेषण गर्न सकिन्छ । किनभने जब नेतृत्वले सीमित स्रोत-साधनमाथि एकाधिकार जमाउन खोज्छ र स्वेच्छाचारी प्रवृत्ति देखाउँछ, त्यसपछि असन्तुष्टिहरू संगठित हुन थाल्छन् र अन्ततः विद्रोहको बाटो समात्छन् ।

राजनीतिक दलमा असन्तुष्टि उत्पन्न हुने, त्यसबाट वैकल्पिक राजनीतिक शक्ति जन्मिने र त्यो पनि असफल हुने गरेको देखिन्छ । संस्थापन पक्षले निरन्तर राज्य सञ्चालनको बागडोर सम्हालिहने गरेको छ । यही सफलता र असफलताले वैकल्पिक राजनीतिमा असन्तुष्टिहरूको भीड देखिने गरेको छ । नेपालमा वैकल्पिक राजनीतिका नाममा देखिएका अधिकांश प्रयास यही कमजोरीका सिकार भए । उनीहरू राज्यसत्ता सञ्चालनको विकल्प बन्नुभन्दा पनि सत्ता र नेतृत्वविरुद्धको आक्रोश व्यक्त गर्ने माध्यममा सीमित रहे । परिणामतः असन्तुष्टिहरू राजनीतिक शक्ति बन्नुको सट्टा अस्थायी अवसरवादी झुन्डमा सीमित भयो । किनभने नियत र नियतिजन्य समस्यालाई किनारा लगाउनु निकै गाह्रो र चुनौतीपूर्ण हुन्छ ।

वैकल्पिक राजनीति भन्नाले केवल पुराना दल र नेतृत्वहरूको आलोचना गर्नु मात्र होइन । विकल्प भनेको फरक विचार, दर्शन र दृष्टि, फरक कार्यशैली र फरक परिणाम दिन सक्ने राजनीतिक ल्याकत प्रदर्शन गर्नु हो । सही विकल्पबिनाको विरोधको कुनै अर्थ हुँदैन । तर नेपालमा वैकल्पिक राजनीति प्रायः पुराना सबै खराब, नयाँ सबै जायज भन्ने निष्कर्षमा अड्कियो । पुराना दल र नेतृत्वका कमजोरी औंल्याइए । तर ती कमजोरी समाधान गर्ने ठोस नीति र कार्यक्रम प्रस्तुत गर्न सकिएन । यसरी वैकल्पिक राजनीति नकारात्मक राजनीतिमा सीमित रह्यो र सकारात्मक राजनीति निर्माण गर्न सकेन ।असन्तुष्टिहरूको भीड बन्नुको अर्को प्रमुख कारण भावनात्मक राजनीतिमा अत्यधिक निर्भरता हो । रिस, आवेग, आक्रोश, निराशा र प्रतिशोधले मानिसलाई छिटो जोड्छ । तर लामो समयसम्म एक ठाउँमा राख्न सक्दैन । वैकल्पिक भनिएका धेरै अभियान र पार्टीहरू साझा विचारभन्दा साझा आक्रोशका आधारमा बने । आक्रोशको ताप घट्दै जाँदा संगठन पनि कमजोर हुँदै गयो । सत्ता नजिकिँदा वा निर्णयको घडी आउँदा ती समूहहरू आफैं विभाजित भए । कांग्रेस, एमाले, माओवादी, मधेशवादीलगायत दलहरूको पटक-पटकको टुटफुट र विभाजन यही यथार्थको ऐतिहासिक उदाहरण हो । पछिल्लो समय सामाजिक सञ्जाल र मिडियाको प्रभावले वैकल्पिक राजनीतिलाई अझै सतही बनाएको छ । लोकप्रियता, लाइक र सेयरलाई राजनीतिक सफलताको मापदण्ड बनाइयो, जुन सामाजिक धरातलीय यथार्थसँग मेल खाँदैन । यसले सेलिब्रेटी राजनीतिलाई जन्म दियो । सामाजिक सञ्जालमा चर्चित व्यक्ति रातारात वैकल्पिक नेताका रूपमा प्रस्तुत गरिए । तर राजनीति केवल लोकप्रियता होइन, जिम्मेवारी र उत्तरदायित्व पनि हो । जनतासँग आँखा जुधाएर कठिन प्रश्नको सामना गर्न नसक्ने नेतृत्वले विकल्प दिन सक्दैन ।

नेपालमा देखिएका धेरै वैकल्पिक भनिएका नेताहरू आलोचनाबाट भाग्ने, असहज प्रश्नलाई व्यक्तिगत आक्रमण ठान्ने र असहमतिका आवाज दबाउने प्रवृत्तिमा देखिए । जबकि विकल्प बन्ने राजनीतिले आलोचनालाई स्वागत गर्नुपर्छ र सुधारको माध्यम बनाउनुपर्छ । तर यहाँ आलोचनालाई दुस्मनी ठानियो । आलोचनासँग जुध्न नसक्ने नेतृत्व अन्ततः अवसरवादी भीडमै सीमित हुन्छ । पछिल्ला केही वर्षका राजनीतिक घटनाक्रमहरूले यही असन्तुष्टिको पुनरावृत्ति स्पष्ट देखाएका छन् । परम्परागत दलप्रतिको विश्वास घट्दै जाँदा वैकल्पिक अनुहारप्रतिको आकर्षण बढ्नु स्वाभाविक हो । काठमाडौं, धरानलगायत सहरमा देखिएको यो प्रवृत्ति जनताको गहिरो र दीर्घ असन्तुष्टिको संकेत हो । यसको मुख्य दोषी पुराना दल, नेता र नेतृत्व नै हुन् । तर यस्ता घटनाक्रमले संस्थागत वैकल्पिक राजनीतिका प्रश्न समाधान गर्न सकेनन् । संस्था कमजोर र व्यक्तिमा केन्द्रित सफलताले प्रणाली परिवर्तन गर्न सक्दैन । नयाँ दल, नयाँ अभियान र नयाँ नारासहित आएका शक्तिहरू केही समय चर्चामा आए, आएर गए । तर दीर्घकालीन राजनीतिक समाधान दिन सकेनन् । पार्टीभित्रको आन्तरिक लोकतन्त्र, वैचारिक स्पष्टता र संगठनात्मक अनुशासन कमजोर हुँदा ती शक्तिहरू आफैं संकटमा परे । असन्तुष्टिहरू फेरि पनि संगठित शक्ति बन्नुको सट्टा झुन्डमै सीमित भए ।परम्परागत दलभित्रै पनि असन्तुष्टिहरू प्रशस्त

बाँकी तेश्रो पृष्ठमा

# उम्मेदवारीमा महिलालाई उपेक्षा किन ?

**पविता मुडभरी पुडासैनी**

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि समानुपातिक र प्रत्यक्षतर्फको उम्मेदवारी मनोनयनमा लैंगिक समानता तथा समावेशिताका आधारमा टिकट वितरण नभएको भन्दै तीव्र आलोचना भएको छ ।

प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्रमध्ये एकतिहाइ महिलाको अनिवार्य प्रतिनिधित्व दलहरूले के कसरी गरे ? यस विषयमा चासो हुनु स्वाभाविक हो । सबैभन्दा पहिले अधिकांश क्षेत्रका उम्मेदवारी मनोनयन टुंग्याएको एमाले पार्टीमा महिला उम्मेदवारको संख्या अत्यन्तै कम छ । नयाँ-पुराना सबैजसो दलमा दर्जन महिला पनि उम्मेदवारीमा नपर्नुको अर्थ हो– महिलाको राजनीतिक पृष्ठभूमिलाई कमजोर आँक्ने अनि टिकट वितरणमा हुने आर्थिक मोलमोलाइ र चाकरीबाज प्रवृत्ति । केही समयअघिको समानुपातिक प्रतिनिधित्व पनि विभिन्न वर्ग, क्षेत्र र लिंगका आधारमा हुनुपर्नेमा सो नभएकाले दलहरूको समानुपातिक-समावेशी प्रतिनिधित्वमाथि जनताको तीव्र असन्तुष्टि देखिएको थियो ।

सरकार, निर्वाचन आयोग, राजनीतिक दल र सम्पूर्ण नागरिक उत्साहसाथ निर्वाचनको तयारीमा जुटेसँगै देशको आधा जनसंख्या ओगटेका महिलालाई आगामी संसद् र सरकारमा एकतिहाइ प्रतिनिधित्व हुने गरी दलले महिलाको उम्मेदवारीलाई प्राथमिकता दिनुपर्थ्यो । त्यसो त नयाँ दलहरूमा पनि उम्मेदवारी दिन करोडौं रुपैयाँको माग भएको र आफूले सो रकम बुझाउन नसक्दा उम्मेदवारको टिकट नपाएका गुनासा यो पटक पनि बाहिरिएका छन् ।

टिकट लिन करोडौं बुझाउनुपर्ने अवस्थाले 'राम्रा' भन्दा 'हाम्रा' ले उम्मेदवार हत्याउने अवस्था निम्तिएको छ । मोटो रकम बुझाएर पार्टीको टिकट लिने काम महिला उम्मेदवारका लागि सहज र सम्भव पक्कै छैन । महिला उम्मेदवारीको संख्या घट्नुमा दलहरूमा स्थापित पितृसत्तात्मक सोच, चाकडीबाजको बोलवाला र आर्थिक लेनदेन पनि हो । महिलाको उम्मेदवारी बढाई संसद् र सरकारमा तिनको प्रतिनिधित्व बढाउन सके विधिको शासन लागू भई मुलुकमा भ्रष्टाचारको अन्त्यसँगै शान्ति, समृद्धि र सुशासन कायम हुने निश्चित छ । महिला प्रधानमन्त्रीकै नेतृत्वमा हुने आमनिर्वाचनमा महिला उम्मेदवारीप्रति सबैको ध्यान खिचिनु स्वाभाविक हो । वास्तवमा राजनीतिक अन्योलता-अस्थिरता हटाउन र देशलाई लैंगिक समानताउन्मुख बनाउन हरेक दलले महिलाको उम्मेदवारी संख्या कम्तीमा एकतिहाइ पुऱ्याउनुपर्थ्यो ।

लैंगिक समानता र समावेशिता संस्थागत गर्ने पहिलो बिन्दु नै निर्वाचनमा महिलाको अत्यधिक उम्मेदवारी हो । देशको विषम परिस्थितिमा सरकारको नेतृत्व सम्हालेर देशलाई निर्वाचनको संघारमा ल्याइपुऱ्याएकी प्रधानमन्त्री सुशीला कार्कीले विगतका हरेक निर्वाचनमा देखिँदै आएको महिला उम्मेदवारीको उपेक्षा गर्ने पितृसत्ताको गडगडाहटलाई किन भत्काउन सकिनन् ? आगामी संसद् र सरकारमा लैंगिक समानता र समावेशी नेतृत्व स्थापित गर्न उनको निर्यायक भूमिका खोइ ? नयाँ भनिएका र आशा गरिएका दलहरूबाट समेत उम्मेदवारीमा महिलालाई किन पाखा लगाइयो ?

एकतिहाइ महिलालाई उम्मेदवारी दिने सवालमा 'महिलाले भोट ल्याउन सक्दैनन्, जनताको मन जित्न सक्दैनन्, परिआए रकम खर्च गर्न सक्दैनन्, गहन निर्णय दिन सक्दैनन्, विशेष परिस्थितिसँग जुध्न घर-परिवारबाटै स्वीकृति लिन सक्दैनन्' भन्ने संकुचित मान्यता दलहरूमा अझै छ । यही लैंगिक विभेदजन्य निकृष्ट सोचाइले ग्रस्त नयाँ-पुराना दलले महिलालाई प्रत्यक्षतर्फको टिकट दिन खुट्टा कमाएको देखियो । समाजका हरेक समुदायलाई राज्यको मूलधारमा ल्याउने उद्देश्यले अपनाइएको समानुपातिक प्रतिनिधित्वको अवधारणासमेत दलका प्रभाव र पहुँचवालाहरूको मुट्ठीमा कैद हुनु विडम्बना हो ।

जेन-जी आन्दोलनपछि पनि दलहरू उम्मेदवारीमा समानता र समावेशिता अपनाउन किन चुके ? जेन-जीको मागबमोजिम भ्रष्टाचार उन्मूलन र सुशासनका लागि समेत उम्मेदवारीमा महिलाको बढोत्तरी जरुरी थियो । नेपालमा २०६२/६३ को जनआन्दोलनपछि कैयौं महिला विभिन्न तहको नेतृत्वमा पुग्दा महिला उत्थान र समृद्धिका क्षेत्रमा केही सकारात्मक परिवर्तन भएकै हो । 'महिला पुरुषभन्दा कमजोर हुन्छन्' भन्ने मान्यता र मानसिकता हटाएर अब महिलालाई पनि हरेक क्षेत्रमा पुरुषसरह अधिकार दिएर हेरौं । आ-आफ्ना स्वेच्छा र विवेक प्रयोग गरी आफूले छनोट गरेका उम्मेदवार सत्तामा पुगेलगत्तै कलंकित, आलोचित र भ्रष्टाचारी नबनुन् भन्ने राष्ट्रवादी चाहना हरेक मतदाताको हुन्छ । नेता फेर्दा तिनको नैतिकतासँगै राष्ट्रिय नीति र समृद्धि आफैं फेरिन्छ भनेर नागरिकले पटक-पटक विवेक प्रयोग गरी नयाँ-नयाँ अनुहारलाई मतदान गरी जिताउँदा पनि तिनले राजनीतिक शक्ति र शासन हत्याउनेबित्तिकै पुराना दल र जनप्रतिनिधिकै चरित्र अँगाल्ने प्रवृति दोहोरिँदै आएको छ । त्यसैले अबको जनप्रतिनिधि चयनमा नागरिक अत्यन्तै चनाखो हुनु आवश्यक छ । निराशा हटाएर राष्ट्रोन्नतिको आशा जगाउने जनप्रतिनिधि चाहिएको छ हामीलाई । नेता र नेतृत्वका विगतका क्रियाकलाप र भ्रष्टाचारका बेथिति राम्रै देखिसकेका जनताले अब जनप्रतिनिधि चयनमा कसैको धम्की, लोभ, बहकाउ र स्वार्थलिप्सामा नलागी पूर्ण विवेक र वैयक्तिक स्वतन्त्रता प्रयोग गर्नु जरुरी छ ।

निर्वाचन होला कि नहोला भन्ने संशयकै बीचमा चुनावको माहोल चुलिँदै छ । उम्मेदवारी मनोनयनसँगै दलहरू घोषणापत्र निर्माण गर्न र आ-आफ्ना क्षेत्रमा चुनावी प्रचारप्रसारमा जुट्दै छन् । विगतमा ठूला भनिएका दलहरू नै गठबन्धन गरी चुनावमा होमिँदा तिनका बीच चलेको कुर्सीमोह,

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकी सरकार सटडाउनतर्फ




**काठमाडौं,१६ माघ ।**
अमेरिकी सिनेटले सरकारी खर्चसम्बन्धी महत्त्वपूर्ण मतदान अवरुद्ध गरेपछि सङ्घीय सरकार आंशिक रूपमा बन्द हुने सम्भावना बढेको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको कडा आप्रवासन नीतिलाई लिएर ह्वाइट हाउस र सिनेट डेमोक्रेटबीच बढेको गतिरोधका कारण शनिबार मध्यरातपछि सटडाउन सुरु हुने देखिएको हो । असफल मतदानका कारण सङ्घीय सरकारको तीन चौथाइभन्दा बढी खर्च धान्ने छ-बिल खर्च प्याकेज रोकिएको छ । संशोधित प्याकेजमा फेरि मतदान गर्ने तयारी भए पनि त्यसलाई हाउस अफ रिप्रेजेन्टेटिभ्सले पनि पारित गर्नुपर्नेछ, तर हाउस अफ रिप्रेजेन्टेटिभ्स सोमबारसम्म विश्राममा रहने भएकाले समयसीमा नाघ्ने निश्चित जस्तै भएको छ ।
ट्रम्पले पद सम्हालेपछि यो दोस्रो सरकारी सटडाउन हुनेछ । यद्यपि अघिल्लो पटकको ४३ दिन लामो बन्दको तुलनामा यसपटक छोटो हुने अपेक्षा गरिएको छ ।डेमोक्रेटहरूले गृह मन्त्रालयलका लागि छुट्टै कोष व्यवस्था र आप्रवासन तथा भन्सार कार्यान्वयन निकाय आईसीइको कार्यशैलीमा कडा सर्त राख्ने माग गर्दै आएका छन् । सिनेटका डेमोक्रेट नेता चक शुमरले आईसीइको गतिविधिलाई राज्यद्वारा स्वीकृत ठगीको संज्ञा दिँदै कङ्ग्रेससँग त्यसलाई रोक्ने नैतिक दायित्व रहेको बताएका छन्।
पछि शुमरले ह्वाइट हाउसले अस्थायी ढाँचामा सहमति जनाएको जानकारी दिए, तर अमेरिकी सञ्चारमाध्यमहरूले मतदान शुक्रबारसम्म ढिलाइ भएको जनाएका छन् । ट्रम्पले सामाजिक सञ्जालमार्फत द्विदलीय समर्थन जुटाउन आह्वान गर्दै सम्झौतालाई समर्थन गर्न आग्रह गरेका छन् ।
यदि सटडाउन लम्बियो भने लाखौं सङ्घीय कर्मचारी बिदामा जाने वा तलबबिना काम गर्नुपर्ने अवस्था आउन सक्छ, जसको असर वासिङ्टन बाहिरसम्म फैलिन सक्नेछ ।
यस विवादलाई आप्रवासन प्रवर्तनसँग जोडिएका हालैका हिंसात्मक घटनाले थप चर्काएको छ । मिनियापोलिसमा ट्रम्प प्रशासनको निर्वासन अपरेसन अनुगमन गरिरहेका एक नर्सको सङ्घीय एजेन्टद्वारा गोली हानी हत्या भएपछि कङ्ग्रेसमा बहस तीव्र बनेको छ ।डेमोक्रेटहरूले रक्षा, स्वास्थ्य, शिक्षा र यातायातलगायतका अन्य खर्च बिलहरू तुरुन्त पारित गर्न तयार रहेको बताएका छन् । तर उनीहरूले आईसीइका गस्ती, वारेन्ट प्रक्रिया, बल प्रयोगका नियम, शरीर क्यामेरा र पहिचानसम्बन्धी व्यवस्था कडा बनाउन डिएचएस बिल पुनर्लेखनको माग गरेका छन् ।
ह्वाइट हाउसको प्रस्तावले भने गृह मन्त्रालयलाई सटडाउन टार्न दुई हप्ताको समय दिने मात्र व्यवस्था गरेको छ । सांसदहरूले डिएचएस कोषमा अवरोध आए विशेषगरी देशभर कठोर जाडो मौसम फैलिँदै गएको बेला आपतकालीन व्यवस्थापन एजेन्सीजस्ता निकायहरू प्रभावित हुनसक्ने चेतावनी दिएका छन् ।

## क्युबालाई तेल आपूर्ति गर्ने देशमाथि ट्रम्पको कर धम्की



**काठमाडौं,१६ माघ ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्युबालाई तेल बेच्ने वा आपूर्ति गर्ने देशहरूबाट आयात हुने सबै वस्तुमा कर लगाउने कार्यकारी आदेशमा बिहीबार हस्ताक्षर गरेका छन् । यस कदमले क्युबाको प्रमुख तेल आपूर्तिकर्तामध्ये एक मानिएको मेक्सिकोमाथि विशेष दबाब पर्ने देखिएको छ । मेक्सिकोले क्युबाप्रति ऐक्यबद्धता देखाउँदै आएको भए पनि हाल ट्रम्प प्रशासनसँग सम्बन्ध सन्तुलनमा राख्न खोजिरहेको छ । पत्रकारहरूले क्युबालाई 'दबाउने' प्रयास भइरहेको हो कि भन्ने प्रश्न गर्दा ट्रम्पले त्यस्तो शब्द कडा भएको बताउँदै क्युबा दीर्घकालीन रूपमा टिक्न नसक्ने अवस्थामा देखिएको टिप्पणी गरेका थिए ।
क्युबाका विदेशमन्त्री ब्रुनो रोड्रिगेज र अन्य अधिकारीहरूले आदेशको कडा निन्दा गरेका छन्। उनले यसलाई क्युबा र क्युबाली जनतामाथि गरिएको क्रुर आक्रमणको संज्ञा दिँदै अमेरिकी नाकाबन्दी नीतिमा अन्य देशलाई जबरजस्ती सहभागी गराउन दबाब र धम्की प्रयोग गरिएको आरोप लगाएका छन् ।
गहिरो ऊर्जा र आर्थिक संकटमा परेको क्युबा मेक्सिको, रूस र भेनेजुएला जस्ता सहयोगी राष्ट्रबाट आउने तेल आपूर्तिमा निर्भर रहँदै आएको छ । अमेरिकी प्रतिबन्ध र भेनेजुएलासँग सम्बन्धित पछिल्ला घटनापछि क्युबामा जाने तेल आपूर्ति घट्ने आशंका बढेको छ ।
मेक्सिकोको सरकारी तेल कम्पनी पेमेक्सका अनुसार सन् २०२५ को सुरुदेखि सेप्टेम्बरसम्म क्युबामा दैनिक करिब २० हजार ब्यारेल तेल पठाइएको थियो । तर पछिल्ला हप्तामा यो मात्रा उल्लेखनीय रूपमा घटेको ऊर्जा विज्ञहरूले बताएका छन् । मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनबामले तेल ढुवानी अस्थायी रूपमा रोकिनु सामान्य उतारचढावको परिणाम भएको र अमेरिकी दबाबका कारण नभएको बताताएका छन् । उनले मेक्सिको क्युबाप्रति मानवीय सहयोग जारी राख्न प्रतिबद्ध रहेको बताए, तर भविष्यको आपूर्तिबारे स्पष्ट धारणा सार्वजनिक गरेका छैनन्
ट्रम्प र सेनबामबीच बिहीबार फोन वार्ता भए पनि क्युबाको विषयमा छलफल नभएको मेक्सिको पक्षको भनाइ छ। यद्यपि मेक्सिकोले अमेरिका र क्युबाबीच मध्यस्थको भूमिका खेल्न इच्छुक रहेको बताइएको छ ।
ट्रम्पको आदेशले क्युबाको ऊर्जा आपूर्ति र क्षेत्रीय राजनीतिमा कस्तो प्रभाव पार्ने भन्ने अझै स्पष्ट छैन । क्युबामा भने इन्धन अभावको चिन्ता बढ्दै गएको छ र पेट्रोलका लागि लामो लाइन देखिन थालेका छन् ।
क्युबाली अधिकारीहरूले दशकौंदेखि जारी आर्थिक दबाब असफल हुँदै आएको र नयाँ आदेशले नाकाबन्दीलाई थप कडा बनाएको प्रतिक्रिया दिएका छन् ।

## मानवीय सुरक्षा सुनिश्चित गर्ने युक्रेनको नयाँ कदम

**काठमाडौं,१६ माघ ।**
युक्रेनका राष्ट्रपति भोलोदीमिर जेलेन्स्कीले आफ्ना शहरमाथि आक्रमण रोकिएको देखिने आशा व्यक्त गरेका छन् । उनले यो आशा संयुक्त अरब इमिरेट्समा अमेरिकी र रुसी प्रतिनिधिहरूबीच भएको वार्ता र समझदारी अनुसार लागू हुने विश्वासमा आधारित रहेको बताए। राष्ट्रपति जेलेन्स्कीले उक्त कदमले युद्धको क्रममा तनाव घटाउने र वास्तविक प्रगति ल्याउने दिशामा मद्दत पुऱ्याउने बताएका छन्।
उक्त आशा सार्वजनिक गर्दै जेलेन्स्कीले नागरिक सुरक्षा र मानव जीवनको महत्वलाई जोड दिए । उनले यस प्रकारको समझदारीले युद्धको हिंसा र विनाश कम गर्ने, साथै सामान्य जनताको जीवनमा सहजता ल्याउने अपेक्षा व्यक्त गरे।
यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि युक्रेनको राजधानी किएभ र अन्य शहरहरूमा आक्रमण रोक्नका लागि अनुरोध र सुझाव दिएका थिए । उनका अनुसार यो कदमले मानवीय कठिनाइ कम गर्ने उद्देश्य राखेको थियो । युक्रेनको यो पहलले अन्तर्राष्ट्रिय स्तरमा पनि सकारात्मक संकेत दिएको छ, जसले आगामी कूटनीतिक वार्ता र तनाव घटाउने प्रयासमा महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ । यो घटनाक्रमले युक्रेन र विश्व समुदायबीच युद्धको समाधान खोज्ने प्रक्रिया अझ गहिरो छन ।

## वैकल्पिक राजनीति...

छन् । आन्तरिक सुधारको माग गर्दै उठेका स्वर कहिले विद्रोहमा, कहिले विभाजनमा परिणत भए । तर ती विभाजनहरूले पनि वैकल्पिक राजनीति निर्माण गर्न सकेनन् । यसले के प्रमाणित गऱ्यो भने नाम बदल्नु मात्र विकल्प होइन रहेछ । सोच, चिन्तन र प्रवृत्ति बदल्नु अनिवार्य रहेछ । वैकल्पिक राजनीतिका नाममा देखिएको अर्को गम्भीर समस्या व्यक्तिकेन्द्रित राजनीति हो । विचारभन्दा व्यक्ति ठूलो बनाइयो । सूचना प्रविधिको युगमा व्यक्तिलाई नै देवत्वकरण गरियो । व्यक्तिको लोकप्रियता घट्दै जाँदा संगठन पनि कमजोर हुँदै गयो । जब राजनीति व्यक्तिमा सीमित हुन्छ, असहमति देशद्रोहझैं देखिन थाल्छ । यस्तो अवस्थामा स्वस्थ राजनीतिक बहस सम्भव हुँदैन र संगठन भीडमा रूपान्तरण हुन्छ ।असन्तुष्टिहरू विकल्प बन्न नसक्नुको अर्को कारण सत्ता अभ्यासप्रतिको डर पनि हो । सत्ता बाहिर बसेर आलोचना गर्न सजिलो हुन्छ । तर सत्ता सञ्चालनको जिम्मेवारी लिन कठिन हुन्छ । वैकल्पिक भनिएका धेरै शक्ति सत्तातर्फ नजिकिँदा अन्योलग्रस्त देखिए । शासनको स्पष्ट विकल्प दिनुको सट्टा उनीहरू फेरि विरोधकै भाषामा सीमित भए ।इतिहासले स्पष्ट देखाएको छ– देश सधैं संगठित, अनुशासित र वैचारिक राजनीतिक शक्तिले बनाएका छन् । असन्तुष्टिहरूको झुन्डले देश बनाएको उदाहरण छैन । असन्तुष्टिले परिवर्तनको ढोका खोल्न सक्छ । तर त्यो ढोकाबाट देशलाई अघि बढाउने काम केवल संगठित राजनीतिक शक्तिले मात्र गर्न सक्छ ।वैकल्पिक राजनीति सम्भव छ । तर त्यसका लागि असन्तुष्टिलाई आधार बनाएर त्यसमै अड्किनु हुँदैन । असन्तुष्टिलाई विचारमा, विचारलाई नीतिमा र नीतिलाई संस्थागत अभ्यासमा रूपान्तरण गर्नुपर्छ । सामाजिक सञ्जालको लोकप्रियता, क्षणिक आवेग र आक्रोशको भाषणले दीर्घकालीन राजनीति निर्माण गर्न सक्दैन । आज नेपालको राजनीतिमा सबैभन्दा ठूलो आवश्यकता धैर्यता, स्पष्टता र इमानदार राजनीतिक अभ्यासको हो । साभार ईकान्तिपुर ।

## उम्मेदवारीमा महिला...

व्यक्तिगत स्वार्थसिद्धि, मनोमानी, आपसी कलह र भागबन्डाले देशलाई भड्खालोमा हाल्यो र जेन-जी आन्दोलनको विध्वंसकारी अवस्थाको सामना मुलुकले खेप्नुपऱ्यो । दलहरूको घोषणापत्रको औकात, औचित्य र सम्भावना बुझेर जनताले दल र प्रतिनिधि चयन गर्न सक्नेछन् । जनप्रतिनिधि चुनिएर गएपछि तिनले कार्यान्वयन गर्नुपर्ने र सकिने कुरा मात्रै घोषणापत्रमा समेटिनुपर्छ । जनतालाई क्षणिक आश्वासनमा फसाएर भोट कुम्ल्याउन मात्रै घोषणापत्र सार्वजनिक गरिनु हुँदैन । आफूलाई पूरै परिवर्तन नगरे चुनावपछि पुराना दलहरूको औचित्य र राजनीतिक वर्चस्व नै समाप्त हुने निश्चित छ । नयाँ दलहरूले पनि उचालिएर 'हामी नयाँ दलले नै भोट पाउने त हो नि' भनेर आफ्नो दायित्व र प्रतिबद्धताबाट विमुख हुने होइन । अहिले हामीलाई चाहिएको नयाँ दल र नयाँ व्यक्ति मात्रै होइन, राष्ट्र तथा जनताघाती पुराना प्रवृत्तिलाई नामेट पार्ने राष्ट्रप्रेमी युवा हो । सत्ताका पात्र पटक-पटक फेरिँदा पनि भ्रष्टाचार, कमिसनखोरी र व्यक्तिगत स्वार्थले सीमा नाघेपछि नै जेन-जी आन्दोलन जन्मिएको हो । यसैको भावना र मर्मबमोजिम फागुनमा हुँदै गरेको निर्वाचन धाँधलीरहित, शान्त वातावरणमा सबैको सहयोग र सहभागिताबाट सफलताका साथ सम्पन्न गर्नुपर्छ । साभार ईकान्तिपुर ।

## कलैया सिटी.............

कार्यक्रममा सहिद मियाका बुवा नाजिम मिया अन्सारी, आमा बिगन खातुन, कलैया सिटी जेसिज २०२५ का अध्यक्ष ओमप्रकाश सरार्फ, आजीवन सदस्य दिपेन्द्र प्रसाद साह, कानुनी सल्लाहकार सुरज कुमार गिरि, उपाध्यक्ष सतेन्द्र गुप्ता, मिडिया संयोजक संदिप यादव लगायत जेसिजका पदाधिकारी र समाजसेवीहरूको उपस्थिति रहेको थियो । कार्यक्रम महासचिव संजय कुशवाहाले सञ्चालन गरेका थिए ।

## कलैयाको हिमानी .....

प्रशासन कार्यालय बारामा कार्यरत कार्यालय सहयोगी राजेश नेपाल पनि उपस्थित रहेको बताइएको छ । प्रारम्भिक अनुसन्धानमा दुवै जनाले राति कोठाभित्र नाकमार्फत 'खैरो जस्तो देखिने पदार्थ' सेवन गरेको खुल्न आएको छ ।

# स्वास्थ्य

## चालीस कटेसी महिलाले गराउनैपर्छ यी स्वास्थ्य परीक्षण



ए दिदीबहिनी, चालीस कट्नु भयो ? चालीस (उमेर) कटिसक्यो भने एकपटक स्वास्थ्य जाँच गराउने हो कि ? मानौं, अहिलेसम्म स्वास्थ्य जाँच गर्नुभएको छैन । स्वास्थ्यमा खासै समस्या आएको छैन । तैपनि अब भने सजग रहनु उत्तम हुनेछ । किनभने उमेरको यो चरणमा पुगेपछि केही स्वास्थ्य जोखिमहरु थपिन सक्छ । त्यसैले आफ्नो शरीर सही सलामत छ वा छैन भनेर जाँच्नुपर्छ । यसले तपाईंलाई संभावित जोखिमबाट बचाउने मात्र होइन, ढुक्क पनि बनाउँछ । त्यसैले होलबडी चेकअप गर्नुहोस् । हुन त होलबडी चेकअप भनेर कतिपय अनावश्यक जाँच पनि गराइन्छ । त्यसैले यो उमेर चरणमा हामीले के कस्ता स्वास्थ्य जाँच गर्नु जरुरी छ भनेर थाहा पाउनुपर्छ ।
पछिल्लो समय मध्यम वर्गीय परिवार पनि आफ्नो स्वास्थ्य प्रति सजग हुन थालेको देखिन्छ । यसमा धेरथोरै स्वास्थ्य बीमाको पनि हात छ । स्वास्थ्य बीमा गरेका महिलाहरुले चिकित्सकले प्रारम्भिक सोधपुछ, शारीरिक जाँच गरेपछि मात्रै आवश्यकता अनुसारको जाँच (भिडियो एक्सरे, कोलेस्टेरोल, सीटी स्क्यान, एमआरआई) गराउनु बुद्धिमानी हुन्छ ।
किनकि चिकित्सकले व्यक्ति विशेषको उमेर एवं त्यस क्षणको स्वास्थ्य स्थितिलाई विचार गरेर आवश्यकता अनुसारको ल्याब परीक्षण गर्नका लागि भन्ने नै छ ।
**के-के परीक्षण गराउने ?** चालिस कटेका महिलाले के, के जचाउने त ? मानव शरीरमा मस्तिष्क (गिदी), मुटु, मिर्गौला, कलेजो र फोक्सोलाई निकै महत्वपूर्ण अङ्ग मानिन्छन् । यी अङ्गहरु मध्ये कुनैमा पनि विकार आए व्यक्ति विशेषको दैनिक जीवनमा निकै असहजता उत्पन्न हुन्छ । तर पनि चालिस वर्षको उमेरलाई मानक मानी अब देखि भने माथि उल्लेखित मूख्य-मूख्य अङ्गहरु कति स्वस्थ छ भन्ने कुरा थाहा पाइराख्नु राम्रो हो । मस्तिष्क, मुटु, मिर्गौला, कलेजो, थाइरोइड ग्रन्थि अनि फोक्सोको कति स्वस्थ छ भनी थाहा पाउन न्यूनतम चेकजाँच गराए पुग्ने मेनु छ ।
**मिर्गौला कस्तो छ ?** मिर्गौलाको स्थिती थाहा पाउन पिसाबमा एल्बुमिन, रक्तकणिका अनि रगतमा क्रियटिनिनको मात्रा जाँच गराए पुग्छ । यदि मिर्गौला सम्बन्धी यी रिपोर्टमा कुनै कैफियत देखियो भने मात्र पिसाबको कल्चर मिर्गौलाको भिडियो एक्सरे, रगतमा ईलेक्ट्रोलाईट्सको जाँच गराउने तर्फ लाग्नुपर्छ ।
**मुटुले कसरी काम गर्दैछ ?** त्यसैगरी मुटुको अवस्था थाहा पाउन ईसीजी नामक प्रारम्भिक जाँच गराए पुग्छ । ईसीजीको रिपोर्ट हेरेपछि मात्र ईकोकार्डियोग्राफी भनिने मुटुको भिडियो एक्सरे गराउन आवश्यक हुन्छ । रक्तनलीमा बोसो अर्थात् कोलेस्टेरोल जम्यो भने रक्तनली साँगुरिन गई हृदयाघात हुने, मस्तिष्काघात हुने, उच्च रक्तचापको समस्या देखिन सक्ने हुनाले सुरुमै लिपिड प्रोफाईल भनेर जाँच नगराई रगतमा कोलेस्टेरोल एवं ट्राईग्लाईसेराईडको प्रारम्भिक परीक्षण गराए पुग्छ । यसमा असामान्य नतिजा आए मात्र लिपिड प्रोफाइल गराउँदामा हुन्छ ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
**करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा**

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# फास्ट ट्र्याक ४५ प्रतिशत पूरा, २०८३ चैतमै सम्पन्न गर्ने सेनाको दाबी



**काठमाडौं,१६ माघ ।**

काठमाडौंलाई तराई-मधेससँग जोड्ने बहुप्रतीक्षित काठमाडौं-तराई फास्ट ट्र्याक आयोजनाको भौतिक प्रगति ४५ प्रतिशत नाघेको छ। नेपाली सेनाले परियोजना तोकिएको समयसीमा २०८३ चैत मसान्तमै सम्पन्न हुने दाबी गरेको छ । नेपाली सेनाका सैनिक प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतका अनुसार सरकारले तोकेको समयसीमा अनुसार काम तीव्र गतिमा अघि बढिरहेको छ । "२०८३ चैतभित्र काम सक्ने लक्ष्यका साथ निर्माण भइरहेको छ," उनले जानकारी दिए। हालसम्म आयोजनाको भौतिक प्रगति ४५.१६ प्रतिशत र वित्तीय प्रगति ४५.३३ प्रतिशत पुगेको सेनाले जनाएको छ । फास्ट ट्र्याकमा कुल १०.९७९ किलोमिटर सुरुङ मार्ग रहनेछ, जसमध्ये लेन डाँडा (१.६२६ किमी) र धेद्रे (१.६९१ किमी) सुरुङमा 'ब्रेक थ्रु' सम्पन्न भइसकेको छ भने महादेवटार सुरुङको करिब ७० प्रतिशत काम सकिएको छ ।आयोजना अन्तर्गत निर्माण हुने ८९ वटा पुलमध्ये १३ वटा पुलको काम सम्पन्न भइसकेको छ। बाँकी ८५ वटा पुल निर्माणका लागि ठेक्का प्रक्रिया पूरा भएर काम अघि बढिसकेको सेनाले जनाएको छ ।निर्माण क्रममा काटिएका ५४ हजार रुखको सट्टामा हालसम्म ७ लाख ५० हजार बिरुवा रोपिएको र तीमध्ये १ लाख ५१ हजार बिरुवा हुर्काएर सामुदायिक वनमा हस्तान्तरण गरिएको छ ।यद्यपि, खोकना क्षेत्रमा देखिएको विवाद अझै समाधान हुन नसकेको सेनाले स्वीकार गरेको छ । सम्बन्धित सबै निकायसँग समन्वय गरी विवाद समाधानका प्रयास जारी रहेको जनाइएको छ ।

# बीरगन्जका तीन वडामा वर्षौं देखिको डुबान समस्या समाधान



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१६ माघ ।**

लामो समयदेखि वर्षायाममा डुबानको समस्या भोग्दै आएका वीरगन्ज महानगरपालिकाका तीन वडाका बासिन्दाले अन्ततः राहत पाएका छन् । वडा नम्बर १७, २४ र २६ मा वर्षाको पानी निकासको समस्या समाधान भएपछि स्थानीयवासीहरूमा खुसीयाली छाएको छ । यी वडामा प्राकृतिक पानी निकास अवरुद्ध हुनु, पर्याप्त नाला र पाइपलाइनको अभावका कारण हरेक वर्ष बस्ती डुबानमा पर्ने गरेको थियो । सडक, गल्ली र घर-आँगनमा पानी जम्ने, घरभित्रै पानी पस्ने र आवतजावत अवरुद्ध हुने अवस्थाले जनजीवन निकै कष्टकर बनेको थियो । यसअघि पटक-पटक समाधानका प्रयास भए पनि स्थानीय असमझदारी र प्राविधिक जटिलताका कारण दीर्घकालीन समाधान सम्भव हुन सकेको थिएन । यसपटक भने महानगरका मेयर राजेशमान सिंहको सक्रिय पहलमा समस्या समाधानतर्फ ठोस कदम चालिएको हो । प्रमुख जिल्ला अधिकारी, पर्साका प्रहरी प्रमुख तथा सम्बन्धित सरोकारवालासँग समन्वय गरी अवरुद्ध पानी निकास खोल्ने सहमति जुटाइएको थियो । स्थानीय बासिन्दासँगको निरन्तर संवादपछि महानगरको प्राविधिक टोलीले स्थलगत निरीक्षण गरी पानी जम्ने मुख्य स्थानहरू पहिचान गरेको थियो । निरीक्षणपछि ती स्थानहरूमा ठूला ह्युम पाइप (ड्रेनेज पाइप) जडान गरी संरचनागत सुधार गरिएको छ । नयाँ संरचना निर्माणसँगै वर्षौंदेखि जमेर बस्ने पानी सहज रूपमा निकास हुन थालेको छ। स्थानीयवासीहरूले लामो समयदेखिको समस्या समाधान भएको भन्दै महानगरको पहलप्रति आभार व्यक्त गरेका छन्। महानगरका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले यसलाई शहरी व्यवस्थापनको महत्वपूर्ण उपलब्धि भएको बताउनुभयो । उहाँका अनुसार आगामी दिनमा अन्य डुबान प्रभावित क्षेत्रहरूको पहिचान गरी चरणबद्ध रूपमा निकासको काम अघि बढाइनेछ । साथै, निर्माण गरिएका संरचनाहरूको नियमित अनुगमन, मर्मत तथा सरसफाइलाई प्राथमिकता दिँदै शहरी पूर्वाधारलाई थप सुदृढ बनाउने लक्ष्य महानगरले लिएको छ ।

# नि:शुल्क स्वास्थ्य शिविरले देखायो मानवसेवा आश्रमका आमाबुबाको पीडा




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१६ माघ ।**

मानवसेवा आश्रम, बीरगन्जमा आश्रित आमा-बुबाहरूको स्वास्थ्य अवस्था चिन्ताजनक रहेको खुलासा भएको छ । नेपाल इन्नोभेटिभ सोसाइटी पर्साको आयोजनामा सम्पन्न नि:शुल्क स्वास्थ्य शिविरका क्रममा आश्रममा रहेका धेरैजसो नागरिक दीर्घकालीन तथा गम्भीर स्वास्थ्य समस्याबाट पीडित रहेको पाइएको हो। स्वास्थ्य शिविरमा सहभागी चिकित्सकहरूको टोलीले गरेको परीक्षणका क्रममा केही महिलामा आङ खस्ने, स्तनमा गाँठो, योनिमा घाउ, पिसाब चुहिने तथा पाठेघरसम्बन्धी जटिल समस्या देखिएको जनाएको छ । लामो समयदेखि उपचारको पहुँचबाहिर रहेका असहाय तथा बेसहारा नागरिकमा यस्ता समस्या देखिनु गम्भीर चिन्ताको विषय भएको चिकित्सकहरूले बताएका छन् । शिविरमा नारायणी अस्पतालका वरिष्ठ स्वास्थ्यकर्मी हेमा थापासहित डा. निरज कुमार सिंह, डा. मनोज उपाध्याय र डा. प्रीती यादवको टोलीले आश्रमका आमाबुबाको समग्र स्वास्थ्य परीक्षण गरेको थियो। परीक्षणपछि आवश्यक परामर्श, थप जाँच र उपचार प्रक्रियाबारे व्यक्तिगत रूपमा सुझावसमेत प्रदान गरिएको थियो । स्वास्थ्य परीक्षणका अतिरिक्त शिविरमा मानसिक स्वास्थ्यसम्बन्धी औषधि, विभिन्न रोगका औषधि, भिटामिन, स्यानिटरी प्याड, ग्लोभ्सलगायत अत्यावश्यक सामग्री नि:शुल्क वितरण गरिएको थियो । कार्यक्रम नेपाल इन्नोभेटिभ सोसाइटी पर्साका अध्यक्ष कमल चौगाईको अध्यक्षतामा सम्पन्न भएको हो । अध्यक्ष चौगाईले मानवसेवा आश्रममा आश्रित आमा-बुबाहरू समाजले बिर्सन नहुने अभिभावक भएको उल्लेख गर्दै भने, "उहाँहरू मौन पीडा बोकेर बाँचिरहनुभएको छ । उहाँहरूको स्वास्थ्य संरक्षणमा सानो योगदान दिन पाउनु हाम्रो संस्थाका लागि गर्वको विषय हो ।" शिविरको समापनमा आयोजक संस्थाले असहाय, पछाडि परेका तथा आश्रममा आश्रित नागरिकहरूको स्वास्थ्यलाई प्राथमिकतामा राख्दै आगामी दिनमा पनि यस्ता सामाजिक तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमलाई निरन्तर र प्रभावकारी रूपमा सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ ।

# पर्सा-२ का कांग्रेस उम्मेदवार चौरसियाले बढाए चुनावी सक्रियता



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१६ माघ ।**

खुट्टामा चोट लागेका कारण हाल घरमै स्वास्थ्य लाभ गरिरहेका नेपाली काँग्रेसका पर्सा क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार अजय चौरसियाले आफ्नो चुनावी गतिविधिलाई तीव्र बनाएका छन् । पछिल्ला तीन दिनदेखि वीरगन्ज-११, श्रीपुरस्थित आफ्नै निवासमा उनले क्षेत्र नम्बर २ अन्तर्गतका विभिन्न वडाका कांग्रेसका अगुवा कार्यकर्ताहरूसँग निरन्तर भेटघाट तथा छलफल गर्दै आएका छन् । यही क्रममा शुक्रबार बिहान उनले पर्सा क्षेत्र नम्बर २ अन्तर्गत पर्ने पर्सागढी नगरपालिकाका वडा नम्बर १, २ र ३ का कांग्रेसका नेता तथा कार्यकर्ताहरूसँग चुनावी रणनीतिबारे विस्तृत छलफल गरेका हुन् । उक्त छलफलमा पर्सागढी नगरपालिका वडा नम्बर १ का नेपाली काँग्रेस बुथ सभापति ढोडा दास थारु, वडा नम्बर २ का बुथ सभापति रामचन्द्र महतो दामस थारु, वडा नम्बर ३ का वडा अध्यक्ष सुकमान तामाङसहित कमल महतो, तुल्ला दास चौधरी, घनश्याम चौधरी, विरेन्द्र महतो, श्वर्साङ पाखिन, लालबाबु चौधरी, सुन्दर मैनाली, जुन माया बललगायतको उपस्थिति रहेको थियो । छलफलमा आगामी प्रतिनिधिसभा निर्वाचनलाई केन्द्रमा राख्दै पार्टीको चुनावी रणनीति, संगठन सुदृढीकरण, वडास्तरदेखि क्षेत्रीय तहसम्म संगठनलाई कसरी मजबुत बनाउने, मतदातासँगको सम्बन्ध विस्तार तथा विगतका निर्वाचनमा देखिएका कमजोरी र त्यसको सुधारका उपायबारे गहन छलफल गरिएको थियो ।कार्यकर्ताहरूले आ-आफ्नो वडाको राजनीतिक अवस्था, जनताका समस्या, संगठनको वर्तमान स्थिति र आगामी निर्वाचनमा देखिन सक्ने चुनौतीहरूबारे सुझाव दिएका थिए । चौरसियाले ती सुझावलाई आत्मसात गर्दै पार्टीलाई जनताको भरोसाको केन्द्र बनाउन सबै एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए । छलफलका क्रममा चौरसियाले भने, "आगामी निर्वाचन जित-हारको मात्र विषय होइन, जनताको विश्वास पुनः स्थापित गर्ने अवसर हो । त्यसका लागि संगठन मजबुत, कार्यकर्तामा आत्मविश्वास र जनतासँग प्रत्यक्ष सम्पर्क अत्यावश्यक छ ।"

स्वास्थ्य अवस्थामा क्रमिक सुधार भइरहेको उल्लेख गर्दै चौरसियाले आउँदो शनिबारदेखि क्षेत्रका विभिन्न टोल तथा बस्तीमा पुगेर घरदैलो अभियान सुरु गर्ने जानकारी दिएका छन्। घरदैलो अभियानमार्फत मतदातासँग प्रत्यक्ष भेटघाट, जनताका गुनासा तथा सुझाव संकलन, पार्टीका नीति तथा कार्यक्रमबारे जानकारी गराउने तथा आगामी निर्वाचनका लागि जनसमर्थन जुटाइने उनले बताए । स्वास्थ्य लाभको अवस्थामै रहेर पनि निरन्तर छलफल, परामर्श र कार्ययोजनामा केन्द्रित गतिविधि अघि बढाइरहेका चौरसियाको सक्रियताले पर्सा क्षेत्र नम्बर २ मा काँग्रेसको चुनावी तयारीलाई थप गति दिएको छ ।

# पर्सा निर्वाचनमा क्षेत्र नं. २ मनोज चौधरीले गरे अबबल उम्मेदवार भएको दाबी




**बीरगन्ज,१६ माघ ।**

नेपाली कम्युनिष्ट पार्टी पर्सा निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार मनोज चौधरीले नयाँदेखि पुराना नेताहरूको बीचमा आफू अब्बल उम्मेदवार भएको दाबी गरेका छन् । नेपाली कम्युनिष्ट पार्टी पर्सागढी नगरपालिकाको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले नेपाली कम्युनिष्ट पार्टीसँग देश निर्माणका लागि स्पष्ट खाका र एजेण्डा रहेको उल्लेख गर्दै मतदाताहरूलाई हावाको पछि नलाग्न आग्रह गरे । सोनमलामाको अध्यक्षता तथा रामचन्द्र साहको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले बिरेन्द्र यादवको संयोजकत्वमा १०१ सदस्यीय निर्वाचन परिचालन समिति गठन गरेको छ । समितिको सह-संयोजकमा सोनमलामा, अरुण रेग्मी र टेकनारायण महतो चयन भएका छन् भन्ने जानकारी नेपाली कम्युनिष्ट पार्टी पर्सागढीले दिएको छ । भेलाका प्रमुख अतिथि रामचन्द्र साहले निर्वाचनपछि नेपाली समाजवादको नेतृत्व नेपाली कम्युनिष्ट पार्टीले गर्ने दाबी गर्दै निर्वाचन अभियानमा आफ्ना उम्मेदवारलाई विजयी गराउन पार्टी पंक्ति एकताबद्ध भएर लाग्न सबै अगुवा नेता तथा कार्यकर्तालाई आग्रह गरे । भेलामा पार्टीका केन्द्रीय सदस्यहरू किशोरी कशवाहा, विपिन यादव, बृजलाल पासवानलगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको स्वागत मन्तव्य बलराम आचार्यले गरेका थिए ।

# ठगी अभियुक्त बीरगन्जबाट पक्राउ

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,१६ माघ ।**

केन्द्रीय कारागार काठमाडौंबाट फरार भएका एक ठगी अभियुक्तलाई पर्सा प्रहरीले बीरगन्जबाट पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतका अनुसार, बीरगन्ज महानगरपालिका-१६ का २३ वर्षीय प्रविण चौरसियालाई पक्राउ गरिएको हो। प्रविण चौरसिया गत भदौ २३ र २४ गते देशभर भएको नवयुवाहरूको आन्दोलनको क्रममा कारागारबाट फरार भएका थिए । पर्सा प्रहरीले पूर्वसूचनाको आधारमा बिहीबार दिउँसो बीरगन्ज महानगरपालिका-१५, रामनगर चोकबाट उनलाई पक्राउ गरेको हो । ठगी मुद्दामा अदालतले उनलाई दोषी ठहर गर्दै ५ वर्ष ६ महिनाको कैद र ८७ हजार ५०० रुपैयाँ जरिवाना सजाय सुनाएको थियो । पक्राउ परेपछि उनलाई कैद भुक्तानका लागि बीरगन्ज कारागार पठाइएको प्रहरीले जनाएको छ ।

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
बिन्दवासिनी गाँउपालिकाको कार्यालय, बिन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा